# नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय

## सामान लिलामको शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७५।०२।०४गते

यस कार्यालयका देहाय बमोजिमका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/ कम्पनीहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र फारम खरिद गरी १६औं दिन दिउसो १२:३० बजे भित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) शिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

| *समुह* | *लिलाम हुने सामान* | *न्युनतम मुल्य* |
|---|---|---|
| १ | विद्युतीय ट्रान्सफरमर २०० के.भि.ए. १ थान | ९०,४००।०० |
| | **जम्मा रु.** | **९०,४००।००** |
| २ | (क) पुंजिगत सामानहरु (लिस्टअनुसार) | १२,९९५।०० |
| | (ख) अन्य फुटकर सामानहरु (लिस्टअनुसार) | ४२,३५२।४० |
| | **जम्मा रु.** | **५५,३४७।४०** |

(१) लिलाम शिलवन्दी बोलपत्र खुल्ने स्थान, समय र मितिः

(क) स्थानः नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय ।

(ख) समयः दिउसो २:०० बजे ।

(ग) मितिः २०७५।०२।२० गते ।

(२) बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाव नं.२१०९९९-०११-००२-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) माथि तालिकामा लेखिएका समूह १ र समूह २ का लागि छुट्टा छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ ।

(४) समूह १ (विद्युतीय ट्रान्सफरमर)को बोलपत्र फाराम रु.५००।- (फिर्ता नहुने गरी ) समूह २ (पूँजिगत र अन्य फुटकर सामान) को बोलपत्र फाराम रु.५००-।(फिर्ता नहुने गरी) बुझाई कार्यालयको आन्तरिक प्रशासनफाँटबाट खरिद गर्न सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समयभित्र विहान १०:०० बजे देखिदिनको ४:०० बजेसम्म यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । समानहरुको लिस्ट यस बैंकको सूचना पाटीमा टाँस गरिएको छ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनीदर्ता प्रमाणपत्र नविकरण गरिएको स्थाई लेखा नम्वर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) अन्य कुरा बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुने छ ।
बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाईट ***www.nrb.org.np*** मा पनि हेर्न सकिने छ ।

(बिमलराज खनाल)
निर्देशक